# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६१-५७५६४०
Postal Code: 6X9P+4F Pokhara
ईमेल: info@pokharamun.gov.np
वेबसाइट: pokharamun.gov.np

पत्र संख्या : २०८२/०८३
च.नं. : 4605

मितिः २०८२/०९/२५

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय न्यूरोड, कास्की गण्डकी प्रदेश, नेपाल

श्री वडा अध्यक्षज्यूहरु,
वडा नं १ देखि ३३ (सबै)
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै),
पोखरा महानगरपालिका ।

**विषयः उपस्थिति सम्बन्धमा ।**

प्रस्तुत विषयमा पोखरा महानगरपालिकाका श्रीमान् नगर प्रमुखज्यूको निर्देशन अनुसार महानगर नगर कार्यपालिकाको ६०औं बैठक तपशिलको मिति, समय र स्थानमा बस्ने भएकोले यहाँको उपस्थितिका लागि निर्देशानुसार अनुरोध छ । साथै कार्यपालिका बैठकका कार्यसूची (एजेण्डा) यसैसाथ संलग्न राखि पठाइएको व्यहोरा समेत अनुरोध छ ।

**तपशिलः**

मितिः २०८२ पौष २९ गते (मंगलबार)
समयः दिनको २:०० बजे
स्थानः पोखरा महानगरपालिका वडा नं. ९ को कार्यालय भवनको सभाहल ।

.............................
मुक्तिराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थः**

श्रीमान् नगर प्रमुखज्यू, पोखरा महानगरपालिका ।
श्रीमान् नगर उप-प्रमुखज्यू, पोखरा महानगरपालिका ।

मिति -२०८२/०९/२९ स्थान - वडा कार्यालय वडा नं. -९ को भवन

बैठक संख्या- ६० समय- दिनको ०२ -०० बजे

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यापालिकाको बैठक तपशिल बमोजिमको उपस्थितिमा बस्यो । उपस्थिति-

| सि नं. | पद | पोखरा महानगरपालिका | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ | |
| ३ | सचिब | प्रमुख प्रशासकीय अधिकृत | श्री मुक्तिराम अर्याल | |
| ४ | सदस्य | का.वा.वडा अध्यक्ष वडा नं.-१ | श्री जुमकाजी गुरुङ | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.-४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं.-५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं.-६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं.-७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं.-८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं.-९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं.-१० | श्री राजेश गुरुङ | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं.-११ | श्री प्रेम प्रसाद कर्मचार्य | प्रेम प्रसाद |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं.-१२ | श्री सन्तोष बास्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं.-१३ | श्री किरण बराल | |

| | | | | |
|---|---|---|---|---|
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं.-१४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं.-१५ | श्री तोरण बहादुर बानियाँ | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं.-१६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं.-१७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं.-१८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं.-१९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं.-२० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं.-२१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं.-२३ | श्री रामकाजी गुरुङ | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं.-२४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | का.वा. वडा अध्यक्ष वडा नं.-२५ | शुभाष भण्डारी<br>श्री ~~मोतिलाल तिम्सीना~~ | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं.-२६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं.-२७ | श्री पूर्ण कुमार गुरुङ | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं.-२८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं.-२९ | श्री श्रीप्रसाद गुरुङ | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं.-३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं.-३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं.-३२ | श्री अक्कल बहादुर कार्की | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोविन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | आमन्त्रित | | | |
| | कां.न.अध्यक्ष | वडा नं.२६ | श्री सुवाष भण्डारी | |

**पोखरा महानगरपालिका**

न्युरोड, पोखरा

**६० औँ कार्यपालिका बैठक मिति २०८२/०९/२९ गते**

**निर्णय नं १**

५९औँ कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं २**

महानगरपालिकाको विधायन समितिबाट सिफारिस भई नगर कार्यपालिकामा पेश भएका तपशिल बमोजिमका निर्देशिका/कार्यविधि/रणनीति तथा कार्ययोजना छलफल पश्चात् स्वीकृत गर्ने निर्णय गरियो । साथै महानगरपालिकाको नगर कार्यपालिकामा छलफल भई नगरसभामा पेश गर्न सिफारिश भएका तपशिल बमोजिमका विधेयक/संशोधन विधेयक स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**कार्यपालिका बैठकबाट स्वीकृत भएका निर्देशिका/कार्यविधि/रणनीति तथा कार्ययोजनाः**

क. पोखरा महानगरपालिका खर्च सञ्चालन निर्देशिका २०८२ (प्रथम संशोधन)

ख. मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य रणनीति तथा कार्ययोजना, २०८२

ग. पोखरा महानगरपालिकाको विपन्न नागरिकहरुलाई स्वास्थ्य विमा कार्यन्वयन कार्यविधि, २०८२

घ. पोखरा महानगरपालिकाको उर्जा विकास सम्बन्धी निर्देशिका, २०७५ (प्रथम संशोधन)

ङ. पोखरा महानगरपालिकाको व्यवसाय प्रवर्द्धन केन्द्र सञ्चालन कार्यविधि, २०७९ (प्रथम संशोधन)

(निर्देशिका/कार्यविधि/रणनीति तथा कार्ययोजनाहरु अनुसुची १ मा समावेश गरिएको छ ।)

**नगर सभामा पेश गर्न सिफारिस भएका विधेयक/संशोधन विधेयकः**

क. आर्थिक ऐन (प्रथम संशोधन) , २०८२

ख. पोखरा प्रज्ञा प्रतिष्ठान ऐन (दोस्रो संशोधन) २०८२

ग. पोखरा महानगरपालिका आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२

घ. पोखरा महानगरपालिका खेलकुद विकास ऐन (दोस्रो संशोधन), २०८२

(विधेयक/संशोधन विधेयक अनुसुची २ मा समावेश गरिएको छ ।)

**निर्णय नं ३**

मिति २०८२ भाद्र २४ गतेको आन्दोलनमा क्षतिग्रस्त भएका वडाहरुबाट मर्मत तथा पुन:निर्माणका लागि प्राप्त लागत अनुमान बमोजिमको रकम अन्य योजना तथा कार्यक्रमबाट कटाई/घटाई प्राथमिकतापूर्वक रकमान्तर गरी बजेट सुनिश्चित गर्न नगरसभामा सिफारिश गर्ने । चालु आ.व. २०८२/०८३ को वार्षिक विकास कार्यक्रममा समावेश भएका कार्यक्रम तथा योजनाहरु मध्ये महाशाखा र वडाहरुबाट प्राप्त थप योजना, योजना संशोधन, रकमान्तर, शीर्षकान्तरका लागि प्राप्त भएका विवरणमा योजना, अनुगमन तथा सूचना प्रविधि शाखा र आर्थिक प्रशासन महाशाखाबाट सिफारिस भएका थप योजना, योजना संशोधन, रकमान्तर, शीर्षकान्तरका लागि नगरसभामा सिफारिस गरी पठाउने निर्णय गरियो । संशोधन, रकमान्तर, शीर्षकान्तर गर्न प्रस्तावित योजनाहरुको विवरण अनुसूची-३ मा समावेश गरिएको छ ।

**निर्णय नं ४**

पोखरा महानगरपालिका अन्तर्गत सञ्चालित तपशिलका आयोजनाहरुको भेरियसन आदेश स्वीकृत गर्ने निर्णय गरियोः

क. विश्व बैंकको आर्थिक सहयोगमा यस पोखरा महानगरपालिकाभित्र सञ्चालित शहरी शासकीय तथा पूर्वाधार आयोजना (NUGIP) अन्तर्गत Design and supervision Consultant (DSC) NP-DUDBC-215991-CS-QCBS को भेरियसन आदेश विश्व बैंकबाट प्राप्त सहमति बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

महानगरपालिकामा कार्यरत नगर प्रहरी, श्रेणी विहीन कर्मचारीहरुको करार म्याद थप, अदालतमा मुद्दा विचाराधिन रही कार्यरत कर्मचारीहरुको सम्बन्धमा तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

क. महानगरपालिकाद्वारा जारी भएका ऐन, कार्यविधि निर्देशिकाद्वारा स्थापित सञ्चालित संस्था/कार्यक्रमहरु संघ/प्रदेश सरकारसँगको साझेदारी (सर्त समेत) तथा अन्य संघ/संस्था/विकास साझेदारहरुसँगको सहयोग तथा साझेदारीमा सञ्चालित कार्यक्रमका लागि कार्यरत कर्मचारीहरुको करार सेवाको म्याद २०८३ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

ख. महानगरपालिकामा कार्यरत नगर प्रहरी तथा श्रेणीविहीन कर्मचारीहरुको कार्यसम्पादन, आवश्यकता र औचित्य समेत हेरी सम्झौतामा नै सेवा शर्त उल्लेख गरी २०८३ असार मसान्तसम्म करार सेवाको म्याद थप गरी कामकाजमा लगाउने निर्णय गरियो ।

ग. नगरसभाको विशेष बैठकको निर्णय उपर महानगरलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा मुद्दा दायर गरी अमिन श्री गणेश गिरी समेत ५ जना कर्मचारीहरुको करार सम्झौताको म्याद कायमै रहेको अवस्थामा सम्मानित अदालतबाट अल्पकालिन अन्तरिम आदेश भई निजहरु कामकाजमा रहेको र मुद्दा विचाराधिन रहेकोले सम्मानित अदालतबाट मुद्धाको कारवाही किनारा हुँदाका बखत सोही बमोजिम हुने गरी काम गरेको अवधिको सम्झौता गरी पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ६**

पोखरा महानगरपालिका मातहतमा रहेको एकमात्र आधारभूत अस्पताल शिशुवा अस्पतालमा CEONC (Comprehensive Emergency Obstetric and Newborn Care) सेवा संचालन गर्न आवश्यक रहेकोले प्रसुती तथा स्त्री रोग बिशेषज्ञ सेवा सञ्चालनका लागि शिशुवा अस्पतालबाट पेश भएको प्रस्तावित दररेट स्वीकृत गर्ने र सो दररेट बमोजिम खरिद प्रक्रिया अगाडी बढाउने गरी भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

महानगरपालिकाको पर्यटन प्रवर्द्धन अन्तर्गत आन्तरिक तथा अन्तर्राष्ट्रिय पर्यटकको संख्या अभिवृद्धि गर्ने, बसाई अवधि लम्ब्याउने, नयाँ पर्यटकीय गन्तव्यको पहिचान र विस्तार गर्ने उद्देश्य सहित नगर कार्यपालिकाको निर्णयबाट सन् २०२५ लाई "Pokhara Visit Year 2025" घोषणा भई विविध कार्यक्रम सञ्चालन गर्दै आइरहेकोमा "Pokhara Visit Year 2025" को समयावधि 31st Dec 2025 मा समाप्त भएको भएतापनि कतिपय कार्यक्रमहरु सञ्चालनको क्रममा रहेको र आ.व. २०८२/०८३ को वार्षिक विकास कार्यक्रममा २०८३ असार मसान्तसम्मका लागि बजेट विनियोजन भइसकेकोले "Pokhara Visit Year 2025" मा सञ्चालन गरिने कार्यक्रमको समयावधि सन् २०२६ जुन १५ (२०८३ असार मसान्त) सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

पोखरा महानगरपालिकाले आर्थिक ऐन, २०८२ बमोजिम महानगरपालिकाबाट संकलन गरिने करछुट अवधि २०८२ पौष मसान्तसम्म कायम रहेकोमा वर्तमान विषम परिस्थिति तथा महालेखा नियन्त्रक कार्यालयबाट स्वीकृत SUTRA राजश्व प्रणालीमा पटक पटक समस्या देखिएको कारण कर छुट सुविधाको अवधिभित्र कर दाखिला गर्न नसकिएकोले चालु आर्थिक बर्ष २०८२/०८३ का लागि करछुटको अवधि २०८२ चैत्र मसान्तसम्म थप गर्न नगर सभामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

महालेखा परीक्षकको कार्यालयबाट पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालित योजना/कार्यक्रमहरुको लेखा परीक्षण भई वार्षिक प्रतिवेदनमा उल्लेख भएको बेरुजुका सम्बन्धमा छलफल गरि नगर सभामा पेस गर्ने निर्णय गरियो ।

ख. सार्वजनिक खरिद ऐन, २०६३ मा व्यवस्था भएको विशेष परिस्थिति (Emergency Works) मा निर्माण कार्य गर्ने व्यवस्था बमोजिम पोखरा महानगरपालिका वडा नं ९ स्थित राष्ट्रिय वाणिज्य बैंक गण्डकी प्रादेशिक कार्यालय भवनमा महानगरपालिकाको प्रशासकीय कार्यालय व्यवस्थापन गर्न भएको बहाल सम्झौता बमोजिम पार्टेसन निर्माणका लागियस कार्यालय र Civil Tech Construction वीच २०८२/०८/०८ मा ठेक्का सम्झौता भई कार्य अगाडि बढाउने क्रममा निर्माण कार्यमा Partition को ठेक्का अनुसारको परिमाणमा कार्यालयको सुझाव र आवश्यकताका आधारमा सेवा प्रवाहलाइ सहज गर्ने गरी तोकिएको Quantity को कार्य सम्पन्न गर्न BOQ मा उल्लिखित परिमाण घटाउँदा ल.ई.मा भेरियसन हुन आएकोले सार्वजनिक खरिद ऐन २०६३. दफा ५४ बमोजिम उक्त कार्यको निम्ति डिजाइन थपघट हुने अन्य परिमाणहरु समेतको सशोधित (Revised) ल.ई. गरी आवश्यकता र प्राथमिकताका आधारमा पर्यटन तथा शहरी विकास महाशाखाबाट तयार गरी स्वीकृतिका लागि पेश भएको तपसिल बमोजिमको भेरियसन विवरण स्वीकृत गर्ने निर्णय गरियो ।

अ. योजनाको नामः Office Management Works Of Pokhara Metropolitan City At Rastriya Banijya Bank's Building, Pokhara-9

आ. ठेक्का नः 9/PMC/NCB/W/Emergency/082-083

इ. निर्माण व्यवसायीको नामः Civil Tech Construction, Pokhara-8

ई. सुरुको लागत अनुमान अंकः रु ८६,३२,४०८.११ ( VAT,PS र Contingency वाहेक)

उ. भेरिएशन पछि हुने लागत अनुमान अंकः रु ६७,३४,४५५.६२ (VAT.PS र Contingency बाहेक)

ऊ. भेरिएशन अनुसार घटी हुने लागत अनुमान %: २१.९८

ग. पोखरा महानगरपालिका र Sky construction and Builders, Pokhara-09 बीच ठेक्का नं 73/PMC/NCB/W/Purbadhar/081-82 (Construction of drain at Nagbeli Marga, PMC-08) पोखरा महानगरपालिका वडा नं ८ मा कार्य गर्ने गरी मिति २०८१/१२/१७ मा भएको ठेक्का सम्झौता कार्यान्वयनको सन्दर्भमा मुख्य गरी मार्गको छेउमा रहेका सडकहरूको नालीमा पानी व्यवस्थापन गर्न बग्दै गरेको नालीको बेड लेभल बढाउनु पर्ने, विद्यमान सडक सतह scarifying गरी सडकको Camber slope मा एकरुपता ल्याउनु पर्ने तथा सडक सतह पनि अनुकूल रूपमा बढाउन आवश्यक भएकोले सो योजनाको स्वीकृत ल.ई भन्दा फरक अवस्था देखिन आएको साथै योजनाको थप भएको दायित्व सम्बन्धमा वडा न ८ को वडास्तरिय शिर्षकबाट व्यहोर्ने गरी सार्वजनिक खरिद ऐन, २०६३ दफा ५४ बमोजिम योजनाको तपशिल बमोजिम भेरिएसन स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिलः

अ. योजनाको नामः Construction of drain at Nagbeli Marga, PMC-08

आ. ठेक्का नः 73/PMC/NCB/W/Purbadhar/081-82

इ. सम्झौता मितिः २०८१/१२/१७

ई. सम्पन्न गर्नुपर्ने मितिः २०८२/०८/२९

उ. सुरु न.ईः रु ५३,३९,५९३।६४ (with VAT &PS)

ऊ. संशोधित ल.ईः रु. ६१,९५,२५६ । ९१ (with VAT &PS)

ऋ. सुरु सम्झौता रकमः रु ४८.६९,८७०।७३ (with VAT &PS)

ऌ. मेरिएशन पश्चातको सम्झौता रकमः रु ५४,०५,९०७ । ५६ (with VAI &PS)

ऍ. ल.ई. भन्दा बढी/घटीः १६.०२ प्रतिशत बढी

ऐ. सुरु सम्झौता भन्दा बढी/घटीः ११.०१ प्रतिशत बढी

# खर्च संचालन निर्देशिका, २०८१ (प्रथम संसोधन)

| क्र.स | दफा न. | हालको व्यवस्था | संसोधनपछिको व्यवस्था |
|---|---|---|---|
| १. | परिच्छेद ४ को दफा ९ को उपदफा (२३) | स्वास्थ्य शिविर तथा क्लिनिकल तालिम सञ्चालन वापत Consultant रुपमा तालिम दिने विशेषज्ञ चिकित्सकलाई प्रतिदिन पाच हजार रुपैया उपलब्ध गराउन सकिनेछ । | स्वास्थ्य शिविर तथा क्लिनिकल तालिम सञ्चालन वापत Consultant रुपमा तालिम दिने विशेषज्ञहरुलाई प्रतिदिन पाच हजार रुपैया उपलब्ध गराउन सकिनेछ । र स्वास्थ्य सेवाको शिबिर तथा फिल्डमा संचालन हुने कार्यक्रमको हकमा दैनिक सहभागी भत्ता मेडिकल अधिकृतलाई रु। १५०० र अन्य स्वास्थ्यकर्मीहरुलाई रु ७०० को दरले उपलब्ध गराईने छ । |
| २ | परिच्छेद ८ अन्तर्गत दफा २० को उपदफा ३ | महानगरपालिकाको ग्रामिण वडाहरु वडा न. १३ को आर्वा बिजया ,१९ को तल्लाकोट ,२० को मौजा, र वडा न. २१,२२,२३,२४,२८,३२, ३३ मा कार्यरत कर्मचारीहरुको प्रोत्साहन बापत थप मासिक एक हजार पाच सय रुपैया उपलब्ध गराइनेछ । | महानगरपालिकाको ग्रामिण वडाहरु वडा न . १३ को आर्वा बिजया ,१९ को तल्लाकोट ,२० को मौजा, र वडा न. २१,२२,२३,२४,२८,३२,३१ को बेगनास, पचभैया र अर्चलथर, ३३ मा कार्यरत कर्मचारीहरुको प्रोत्साहन बापत थप मासिक एक हजार पाच सय रुपैया उपलब्ध गराइनेछ । |
| ३ | परिच्छेद ९ अन्तर्गत दफा ३१ | पोखरा महानगरपालिकामा खटिई नियुक्ति एवं पदस्थापन हुने अधिकृतस्तर नवौं/दशौं तहका महाशाखा प्रमुखको जिम्मेवारीमा रहेका कर्मचारीको पोखरा महानगरपालिका क्षेत्रमा निज वा निजको एकाघर/सगोलको परिवार सदस्यको नाम/स्वामित्वमा घरवास नभएमा आवास सुविधा बापत प्रति महिना १५,०००- (अक्षरुपी पन्ध्र हजार रुपैयाँ (कर सहित) एकमुष्ठ उपलब्ध गराउन सकिनेछ। | पोखरा महानगरपालिकामा खटिई नियुक्ति एवं पदस्थापन हुने अधिकृतस्तर नवौं/दशौं तहका महाशाखा प्रमुखको जिम्मेवारीमा रहेका कर्मचारीको पोखरा महानगरपालिका क्षेत्रमा निज वा निजको एकाघर/सगोलको परिवार सदस्यको नाम/स्वामित्वमा घरवास नभएमा आवास सुविधा बापत प्रति महिना २२,०००।- (अक्षरुपी बाइस हजार रुपैयाँ (कर सहित) एकमुष्ठ उपलब्ध गराउन सकिनेछ। |